# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं आश्विन ११ गते २०११ साल [ संख्या ८

## भाग १

ज्याँन, डाँकासमेतको तुरुन्त कारवाई नगरी नहुने मुद्दाको कारवाईसम्बन्धी

### गृहमन्त्रालयको विज्ञप्ति

बडादशैंको १५ दिन छुट्टी बिदा बसेको बेला कर्तव्य गरी ज्यान मारे भन्ने उजुरी पर्न आएकोले मौका तहकिकात लास जाँच तुरुन्त गर्नुपर्ने भई बिदैमा पनि कारवाई सुरु गरे भन्ने पूर्व ६ नं. अदालतको जाहेरी आएको, उजुरी पर्नासाथ तुरुन्त कारवाई गर्नुपर्ने खुन डाका मुद्दाहरूका बिदा बसेको बखत भनी उजुरी नलिने वा कारवाई तुरुन्त नगर्ने भएमा त्यसमा ठूलो क्रय विक्रय पर्न जाने र बिचमा जालसाल हरेक किसिम गर्न टाइम पाउने भई न्यायमा दुविधा हुन जाने समेत अपठ्यारो पर्न जाने देखिएकोले खण्ड ३ संख्या ३४ मिति ०१०-१२-३० गतेको गजेटले अदालतका गैन्ह कर्मचारीहरूलाई घटस्थापनादेखि कोज



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

पूर्णिमातक बिदा हुने भए पनि सो बिदाभित्र ज्यान डाँकासमेत ऐनले तुरुन्त कारवाई गर्नुपर्ने मुद्दाहरू पर्न आएमा बिदा बसेको भन्न हुँदैन। चाहिने मदत साक्षी दिने अड्डाले दिने र अदालत अभिनीहरूले समेत त्यस्तो जरुरी पर्न आएमा ऐनबमोजिम काम गर्नुपर्छ भन्ने सो संख्या ३४ को गजेट सुधार भै गजेट प्रकाश हुन आवश्यक छ भनी प्रधान न्यायालयबाट लेखी आएको बेहोरा पेश हुँदा उक्त सिद्धान्त मन्जुर गर्ने तथा यो कार्यान्वित गर्नालाई चाहिंदो कारवाई गृहमन्त्रालयले गर्ने गराउने निर्णय भएको भनी २०११–५–१४–२ मा मन्त्रिमण्डलालयबाट लेखी आएकोले यो विज्ञप्ति प्रकाश गरिएको छ। तसर्थ अबउप्रान्त उक्त बडादशैंको छुट्टी बिदामा कदाचित् उल्लेखित काम कुरा परी आएमा पनि ऐन सवालबाट गर्नुपर्ने कारवाई गर्न नरोकिने गरी अड्डा अड्डाका हाकिमहरूले मिलाउनुपर्छ।

आज्ञाले—
नीरराज,
सेक्रेटरी – गृहमन्त्रालय.

## नेपाल पब्लिक सर्भिस कमिशनको
### विज्ञापन नं. १८

४–६–०११

शिक्षामन्त्रालय—अन्तर्गत त्रि—चन्द्र कलेज भूगोलविभागका निमित्त एक जना डेमोन्स्ट्रेटर चाहिएको छ। उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) भरी २०११ साल मार्ग ४ गते रोज ६ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला। दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

पदको विवरण यस प्रकार छः—

१. पदः— डेमोन्स्ट्रेटर, नन्–गजेटेड, स्थायी तथा पेन्शन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः— भूगोलसमेत लिई बी.ए. पास भएको ।

३. मासिक तलब स्केलः — मो. रु. १४०।–२८०।

४. मासिक भत्ताः— महँगी भत्ता मो. रु. २०।

आज्ञाले—

खड्गमान मल्ल एम्. ए.

सेक्रेटरी–पब्लिक सर्भिस कमिशन,

सिंहदरबार, काठमाडौं, नेपाल.

नता
वा
जान
छ

गोरखापत्र छापाखानामा मुद्रित , सरदार विष्णुध्वज जोशी ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म